**प्रेस विज्ञप्ती**

संविधान बमोजिम गठन भएका स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन गर्न पहिलो चरणमा प्रदेश नं. ३, ४ र ६ का २८३ गाउँपालिका तथा नगरपालिकाको निर्वाचन सम्पन्न भई स्थानीय तहको गठन प्रक्रिया पूरा हुने क्रममा रहेको छ। दोश्रो चरणमा प्रदेश नं १,२,५ र ७ अन्तर्गतका स्थानीय तहमा नेपाल सरकारले मिति २०७४ साल असार १४ गते निर्वाचनको मिति निर्धारण गरी निर्वाचन प्रक्रिया अगाडी बढीरहेको सर्वविदित छ । स्थानीय तहको निर्वाचनले एकातिर सार्वभौम नागरिकलाई निर्वाचित जनप्रतिनिधिहरु मार्फत राज्यशक्तिको प्रयोग गर्ने अवसर प्रदान गरेको छ भने अर्कोतिर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्ने मार्ग प्रशस्त गरेको छ । संवैधानिक व्यवस्था बमोजिम जनताको नजिकका सरकारको रुपमा रहेका स्थानीय तहका अधिकार क्षेत्रको प्रयोग गर्दै जनअपेक्षा अनुसार दिगो शान्ति, स्थायित्व, विकास र समृद्धिको गन्तव्य हासिल गर्ने चरणमा प्रवेश गरेका छौं।

स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका बिषयमा कानुन बनाउन पाउने संविधान प्रदत्त अधिकार हाम्रो शासकीय अभ्यासमा नयाँ र उत्साहप्रद रहेको छ। कानुन निर्माण प्रक्रिया आफैंमा जटिल एवम् चुनौतिपूर्ण हुने र संविधानवाद तथा कानूनी शासनका मान्यताहरुलाई आत्मसाथ गरी स्थानीय कानूनहरु निर्माण गर्दा राज्यप्रति नागरिकको विस्वास र अपनत्व अभिवृद्धि हुन्छ। गाउँ तथा नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानुन बमोजिम हुने व्यवस्था नेपालको संविधानको धारा २१४ को उपधारा (५) मा रहेको छ। नेपाल सरकारले हालै जारी गरेको कार्यकारी आदेश, २०७४ को दफा १६ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गाउँपालिका तथा नगरपालिकाले बनाउने कानुनको बिषयमा नमूना कानुन उपलब्ध गराउन सक्ने र त्यस्तो कानुन सम्वन्धित गाउँपालिका तथा नगरपालिकाले स्वीकृत गरी लागू गर्नसक्ने व्यवस्था छ।

स्थानीय तहको कानुन बनाउने कार्यमा सहजीकरण गर्ने उद्देश्यले मन्त्रालयबाट तयार गरिएको गाउँ तथा नगर कार्यपालिका निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्वन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७४ को नमूनालाई माननीय उप प्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री बिजयकुमार गच्छदारज्यूले पदभार ग्रहण गरेको सुखद अवसरमा स्वीकृत गरी सम्वन्धित गाउँपालिका र नगरपालिकालाई उपलब्ध गराइएको व्यहोरा यसै विज्ञप्तिमार्फत जानकारी गराउन पाउँदा खुसी लागेको छ। यस नमूना नियमावलीलाई सम्वन्धित गाउँपालिका तथा नगरपालिकाले आवश्यक प्रक्रिया पुरा गरी सम्वन्धित सभाबाट स्वीकृत गराई प्रयोगमा ल्याउने विश्वास मन्त्रालयले लिइएको छ।

धन्यवाद।

मिति २०७४।०२।२४

रुद्रसिंह तामाङ
प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय